# लोक सेवा आयोग
# जलेश्वर कार्यालय

जलेश्वर, महोत्तरी

## अपरेटर पदको प्रयोगात्मक परीक्षा र अन्तर्वार्तासम्बन्धी सूचना

**सूचना नं. ९८/०७९-८०, मितिः २०७९/१०/१५**

लोक सेवा आयोग, जलेश्वर कार्यालयको विज्ञापन नं. ११४१८/०७८-७९(खुला), नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, नि.उ.स. उपसमूह, रा.प.अनं. द्वितीय श्रेणी, **अपरेटर** पदको लागि छनौट भएका उम्मेदवारको प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता कार्यक्रम देहाय बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले प्रयोगात्मक परीक्षामा उपस्थित हुँदा अनिवार्यरूपमा प्रवेश पत्र र नागरिकता प्रमाणपत्र लिई उपस्थित हुन तथा अन्तर्वार्तामा सहभागी हुन आउँदा हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ (दुई) प्रति, नेपाली नागरिकताको प्रमाणपत्र, आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल प्रतिसहित प्रतिलिपि २/२ प्रति, दरखास्त फारामको पहिलो पाना २(दुई) प्रति र तेस्रो पाना १(एक) प्रति भरी प्रवेशपत्र लिई तोकिएको समयभन्दा १ (एक) घण्टा अगावै यस कार्यालयमा उपस्थित हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**प्रयोगात्मक परीक्षाको मिति, समय र स्थानः**

| मिति | समय | स्थान |
|---|---|---|
| २०७९ माघ २४ गते | बिहान १०:३० बजे | हेभी इक्विपमेन्ट डिभिजन कार्यालय, जनकपुर, धनुषा |

**अन्तर्वार्ताको मिति, समय र स्थानः**

| मिति | समय | स्थान |
|---|---|---|
| २०७९ माघ २४ गते | दिनको २:०० बजे | हेभी इक्विपमेन्ट डिभिजन कार्यालय, जनकपुर, धनुषा |

(सुरेशबाबु घिमिरे)
शाखा अधिकृत

(कुलप्रसाद सापकोटा)
उपसचिव